लोकल हाँस-कुखुरापालन, बंगुरपालन, बाखापालन, होमस्टे, न्याफ्टीङ व्यवसाय, आलु खेती, केरा खेती, बगर खेती, गोलभेडा, अदुवाखेती, काउली, बन्दा, बेसार खेती, पशुपंक्षी पालन आदि व्यवसायमा कर्जा उपलब्ध गराई स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

### ६.४ भेरी-कर्णाली इकोनोमिक करिडोर कार्यक्रम

- भेरी-कर्णाली नदी किनारको आसपासका १७ जिल्लाहरू (हुम्ला, जुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, सुर्खेत, जाँजरकोट, अछाम, डोटी, बभाङ, बाजुरा, सल्यान, रूकुमपूर्व, रूकुमपश्चिम, कैलाली तथा वर्दिया) मा तरकारी खेती, पशु पालन, पंक्षी पालन, फापर/काउनो खेती, माछापालन, राता चामल, फलफूल खेती, होमस्टे/होटल, न्याफटिंग, अन्य स्थानीय व्यवसाय आदि मार्फत स्वरोजगार सिर्जना गर्न महत्वपूर्ण कार्यक्रम हो ।

### ६.५ काठमाडौं उपत्यका स्वरोजगार कार्यक्रम

- काठमाडौं उपत्यका रहेका महानगरपालिका, नगरपालिका र समान उद्देश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरूसँग समन्वय र साझेदारी गरी पार्क, चोक, गल्ली, सपिङ मल लगायतका ठाउँहरूमा Street Cart मा Fast Food, तरकारी तथा फलफूल, दुग्धजन्य उत्पादन आदि बिक्री गर्नका लागि कर्जा उपलब्ध गराइनेछ ।

### ६.६ तराई-मधेश स्वरोजगार कार्यक्रम

- तराईका २१ जिल्ला (कञ्चनपुर, कैलाली, बाँके, बर्दिया, दाङ, कपिलवस्तु, नवलपरासी, रूपन्देही, चितवन, बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, झापा, उदयपुर) मा कोषले वायोफ्लक प्रविधिबाट भकारीमा प्रविधियुक्त माछा पालनमा लगानी गरी स्वरोजगारका अवसरहरू सिर्जना गरिनेछ । त्यसैगरी अटोरिक्सा, ठेलागाडामा दुग्धजन्य व्यवसाय, फलफूल, तरकारी, चटपटे, Fast Food पसल लगायतका अन्य व्यवसाय र गाई भैंसीपालन आदि व्यवसायमा स्वरोजगारका अवसरहरू सिर्जना गर्ने प्रविधिमा लगानी गरी स्वरोजगारका अवसरहरू सिर्जना गर्न कर्जा उपलब्ध गराइनेछ ।

### ६.७ देश भित्र स्थानीय स्रोत र श्रमको उपयोग गरी आत्मनिर्भर जीविका र अर्थतन्त्र निर्माण गर्ने अन्य कार्यक्रमहरू

## ७. बिमा

- युवा स्वरोजगार कर्जा लिएका व्यवसायीहरूको जीवन बिमा तथा स्वरोजगार कर्जाबाट सञ्चालित परियोजनाको एकमुष्ठ बिमा हुनेछ । बिमा गर्दा लाग्ने प्रिमियम वापतको खर्च युवा स्वरोजगार कोष मार्फत नेपाल सरकारले भुक्तानी गर्नेछ ।
- बिमा गर्दा कोषले उपलब्ध गराएको बिमा प्रस्ताव फाराम तथा Online फाराम लगानी गर्ने संस्थाले पूर्ण रूपमा भर्नु पर्नेछ ।
- बिमा भएको व्यवसायीको बिमा अवधिमा मृत्यु भएमा तथा परियोजना क्षती भएमा बिमा समितिले नियमानुसार क्षतिपूर्ति उपलब्ध गराउने छ । जसका लागि घटना घटेपछि तोकिएको समयमै बिमा कम्पनीमा लिखित जानकारी गराई आवश्यक कागजातहरू पेश गर्नु पर्नेछ ।

## ८. ऋण दुरूपयोग गर्नेलाई कारवाही

- जुन उद्देश्य र प्रयोजनको लागि ऋण लिएको हो, सो बमोजिम कार्य नगरी ऋण दुरूपयोग गरेमा वा समयमा कर्जाको साँवा, ब्याज भुक्तानी नगरेमा प्रचलित कानुन बमोजिम ऋणीबाट साँवा, ब्याज असुल गरिनेछ ।
- कर्जा नतिर्ने सहकारीका पदाधिकारी, सदस्यहरू तथा कर्जाग्राहीहरूको नाम कर्जा सूचना केन्द्रमा राखी त्यस्ता संस्था तथा व्यक्तिको नामावली खराब ऋणीलाई हुने कारवाही हुने, बैंक खाता रोक्का गर्ने, चल अचल सम्पत्ति रोक्का गर्ने, राहदानी नदिने, कालोसूचीमा राख्ने, निर्वाचनमा उम्मेदवार बन्न नपाउने लगायत सरकारले उपलब्ध गराउने सम्पूर्ण सेवाबाट वञ्चित गर्ने जस्ता कारबाही गरिनेछ । यसका अतिरिक्त ऋणीको स्वामित्वमा रहेको जुनसुकै सम्पत्तिबाट समेत ऋण असुल उपर गर्न सकिनेछ ।

## ९. बजार व्यवस्था

- उत्पादित वस्तुहरू स्थानीयस्तरमा नै खपत हुन सकून भन्ने अभिप्रायले स्थानीय बजारमा खपत हुने वस्तुहरू उत्पादन तथा बजारीकरणमा लगानी गर्न प्रोत्साहन गरिने छ ।

## १०. कोष सञ्चालक समिति

- कोषको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा सुपरीवेक्षण गर्नको लागि कोष सञ्चालक समितिको व्यवस्था रहेको छ जसमा युवा तथा खेलकुद मन्त्री वा राज्य मन्त्री अध्यक्ष, कोषको कार्यकारी उपाध्यक्ष (राज्यमन्त्री सो सरह) उपाध्यक्ष र ११ जना सदस्यहरूसहित १३ जनाको कोष सञ्चालक समिति रहेको छ ।

## ११. कर्जा असुली उप-समिति

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यक्रम स्थानीय स्तरमा प्रभावकारी ढङ्गले सञ्चालन गर्न ७७ वटै जिल्लामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा कर्जा असुली उप–समिति रहने छ । उक्त समितिको सदस्य सचिव जिल्ला स्थित असुली सहजकर्ता रहने छ ।
- उक्त समितिको कार्यालय जिल्ला प्रशासन कार्यालय वा प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानमा रहने छ । कर्जा असुली सहजकर्ताले स्वरोजगार कर्जा लिई व्यवसाय सञ्चालन गरिरहेका संस्था र व्यवसायीहरूको नियमित असुली, अनुगमन गरी सोको प्रतिवेदन कर्जा असुली उप–समिति तथा कोषको सचिवालयमा पेश गर्नु पर्नेछ ।


**कोपुण्डोल, ललितपुर**
**फोन नं. ०१-४१०२७८२, ०१-४१०२७८८, ०१-४१०२८११**
**फ्याक्स : ०१-४१०२७८९, ४१०२६७८**
Email: info@ysef.gov.np, Web.: www.ysef.gov.np


"श्रमबाट समृद्धि
समृद्धिबाट सुख"

"विदेश होइन, स्वदेशमा नै श्रम गरौं
समृद्ध नेपाल सुखी नेपालीको
राष्ट्रिय अभियानमा सहभागी बनौं"

"सुलभ कर्जा, युवालाई स्वरोजगार
उत्पादनशील लगानी विकासको आधार"

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# युवा तथा साना व्यवसायी स्वरोजगार कोष



## १. परिचय

स्थानीय स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि स्थानीयस्तरमा सुलभ र सुरक्षित व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरू सिर्जना गर्न विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याइएको छ । मुलुकमा उपलब्ध जनशक्तिलाई आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा जिम्मेवार, जागरूक एवं सिर्जनशील बनाई स्वरोजगार कार्यक्रमहरूमा उनीहरूको सहज पहुँच, प्रयोग र स्रोत परिचालन गर्न सक्ने अवस्था सिर्जना गरी अपनत्व र स्वामित्वको अनुभूति गराई कार्यक्रमलाई प्रभावकारी बनाउन युवा स्वरोजगार कार्यक्रमहरू सञ्चालन भइरहेका छन् ।



## २. उद्देश्य

आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङगता भएका व्यक्ति, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी एवं युवाहरू तथा परम्परागत सीप भएका जातजातिहरूलाई व्यवसायिक खेती, पशुपंक्षीपालन, कृषिजन्य उद्योग वा सेवामूलक स्वरोजगार कार्यक्रम सञ्चालन गर्न सहुलियत ब्याजदरमा प्रति व्यक्ति रू दुई लाखसम्म आवधिक ऋण उपलब्ध गराई आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मुख्य उद्देश्य रहेको छ । कोषका अन्य उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

- रिक्सा, अटोरिक्सा, ठेलागाडा व्यवसाय, दुधजन्य व्यवसाय, प्लम्बिङ, इलोक्ट्रोनिक्स तथा इक्ट्रिकल, साना तथा घरेलु व्यवसाय, सिकर्मी तथा डकर्मी, रङ्ग रोगन, शिल्पकार, खुद्रा तथा किराना पसल सञ्चालन तथा स्वदेशी श्रम, सीप, ज्ञान एवं सानो पुँजीबाट सञ्चालन गर्न सकिने स्वरोजगार कार्यमा ऋण उपलब्ध गराउने ।
- स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीय स्तरमा उत्पादन हुने बस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने ।
- एक गाउँ एक उत्पादन र एक परिवार एक रोजगार जस्ता परियोजनामा लगानी गर्ने ।
- मूल्य श्रृङ्खलामा आवद्ध भएका व्यवसायहरूलाई प्राथमिकता दिने ।
- व्यवसायिक कृषि, पशुपंक्षी पालन, माछापालन, वन, खानी तथा कृषिजन्य उद्योग र बहुमूल्य पत्थर उद्योग लगायतका उद्योगहरूलाई उच्च प्राथमिकतामा राख्ने ।
- युवा व्यवसायीलाई साना तथा घरेलु व्यवसाय सञ्चालन गर्न अभिप्रेरित गर्दै स्वरोजगारका अवसरहरू स्वदेशमा नै सिर्जना गर्दै आय आर्जनका लागि क्षमता अभिवृद्धि गर्ने एवं गरिबी निवारण गर्ने, राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने ।

## ३. ऋण उपलब्ध हुने व्यवसायहरू

- व्यवसायिक खेती तथा पशुपंक्षीपालन, दुधजन्य व्यवसाय, माछापालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य व्यापार व्यवसाय,
- शहर र बजार क्षेत्रमा रिक्सा, विद्युतीय रिक्सा, ठेलागाडा सेवा सञ्चालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
- परम्परागत सीपसँग सम्बन्धित व्यवसाय,
- घर वास (Home Stay), न्याफ्टीङ सम्बन्धी व्यावसाय,
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने अन्य उद्योग व्यवसाय आदि ।

## ४. ऋण लिने प्रक्रिया

- कोषले तयार गरेको आशय पत्रको ढाँचाअनुसार प्रस्ताव आव्हान गरिनेछ ।
- कोषले वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई थोक कर्जा मागको लागि प्रस्ताव आव्हान गर्नेछ ।
- प्राप्त प्रस्तावहरू अध्ययन विश्लेषण गरी उपयुक्त देखिएका प्रस्तावहरू मात्र ऋण लगानी गर्न कोषले स्वीकृत गर्नेछ ।
- कोषले बैंक, वित्तीय संस्थालाई बढीमा रू ५ करोडसम्म र सहकारी संस्थालाई कम्तिमा रू २० लाख र बढीमा रू १ करोडसम्म कर्जा दिन सक्नेछ ।
- कोष र वित्तीय संस्था एवंम सहकारी संस्था बीच सम्झौता भएको रकमलाई कोषले वित्तीय संस्था एवं सहकारी संस्थालाई पहिलो किस्ता ५०%, दोस्रो किस्ता ५०% गरी दुई किस्तामा वा आवश्यकताको आधारमा एउटै किस्तामा उपलब्ध गराउन सक्नेछ ।
- आशय पत्रअनुसार वित्तीय संस्था एवं सहकारी संस्थाले व्यक्तिलाई बढीमा रू २ लाखसम्म उपलब्ध गराउन सक्नेछ ।
- समूहगत लगानी गर्नको लागि बढीमा १५ जनाको समूहमा प्रतिव्यक्ति रू २ लाखभन्दा नबढ्ने गरी वित्तीय संस्था एवं सहकारी संस्थाले सामूहिक रूपमा रू ३० लाखसम्म कर्जा लगानी गर्न सक्नेछ । समूहमा ऋण लिएपनि व्यवसाय एकै प्रकारको भएपनि ऋण चुक्ता गर्ने व्यक्तिगत तथा सामुहिक दायित्व हुनेछ ।
- कोषबाट संस्थाको खातामा जम्मा भएको मितिले व्यवसायको आधारमा बढीमा १ बर्षको ग्रेस अवधि दिइनेछ ।
- बैंक, वित्तीय संस्था र सहकारी संस्थाले परियोजनाको आधारमा कोषलाई बढीमा ५ बर्षभित्र कर्जा भुक्तानी गरिसक्नु पर्नेछ ।
- वित्तीय संस्था र सहकारी संस्थाले कोषलाई त्रैमासिक किस्ता अनुसार साँवा र ब्याज भुक्तानी गर्नु पर्नेछ ।
- १८ वर्ष पूरा भई ६० वर्ष सम्मका लक्षित नेपाली नागरिकहरू यस कार्यक्रममा सहभागी हुन सक्नेछन् ।

## ५. ब्याजको दर र अनुदान

- कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई वार्षिक ४ प्रतिशतमा कर्जा लगानी गर्नेछ ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले कोषको उद्देश्य अनुसार व्यक्तिहरूलाई वार्षिक ८% भन्दा नबढ्ने गरी लगानी गर्नेछन् ।
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्था र कर्जाग्राहीहरू बीच भएको सम्झौता अनुसार कर्जाग्राहीले नियमित रूपमा किस्ता चुक्ता गरेपछि मात्र बुझाएको ब्याजको ६०% ले हुन आउने रकम कोषले सम्बन्धित ऋणीलाई ब्याज अनुदान स्वरूप फिर्ता दिइनेछ । उक्त ब्याज अनुदानमा नियमानुसारको कर कट्टी गरिनेछ ।

## ६. कोषबाट सञ्चालन हुने कार्यक्रमहरू

### ६.१ नियमित स्वरोजगार कार्यक्रम

- कोषले स्थापना कालदेखि नियमित रूपमा सञ्चालन गर्दै आएको स्वरोजगार कार्यक्रम हो ।

### ६.२ सहकार्यमा आधारित साझेदारी कार्यक्रम

- स्थानीय स्रोत साधनको समुचित प्रयोग हुने गरी मुलुकमा उपलब्ध जनशक्तिद्वारा स्वरोजगारमूलक व्यवसायिक परियोजना सञ्चालन गर्नका लागि प्रदेश र स्थानीय तह (नगरपालिका, गाउँपालिका) र समान उद्देश्य बोकेका स्वरोजगार तथा रोजगारसँग जोडिएका संघ संस्थाहरूसँग सहकार्यमा आधारित साझेदारी कर्जा लगानी कार्यक्रम मार्फत सुलभ व्यवसायिक कर्जा उपलब्ध गराई उद्यमशीलताको विकासमार्फत मुलुकभित्र स्वरोजगारका अवसरहरू सिर्जना गर्न कोषले सहकार्यमा आधारित साझेदारी कार्यक्रम सञ्चालनमा ल्याएको हो ।
- कोषले स्वरोजगार तथा रोजगार सिर्जना गर्नका लागि प्रदेश र स्थानीय तह (नगरपालिका, गाउँपालिका) सँग बढीमा ३५ प्रतिशत ब्याज दरमा कर्जा लिनेछ । प्रदेश र स्थानीय तहसँग लिएको कर्जामा कोषले आवश्यकताको आधारमा रकम थप गरी सम्बन्धित प्रदेश र स्थानीय तहमा स्वरोजगार तथा रोजगार सिर्जना गर्न बैंक, वित्तीय संस्था र सहकारी संस्थामार्फत कर्जा लगानी गर्नेछ ।



### ६.३ कोसी इकोनोमिक करिडोर कार्यक्रम

- विश्वमा मानव सभ्यता तथा वस्तीको विकास नदीको छेउछाउ, किनारबाट भएको पाइन्छ । भारतको ब्रम्हपुत्र, चीनको ह्वाङ्हो, अफ्रिकाको नाइल, दक्षिण अमेरिकाको अमेजन नदी आदि मानव सभ्यता विकास एवं आर्थिक समृद्धिका लागि ऐतिहासिक केन्द्रविन्दु मानिदै आएका छन् ।
- सप्तकोसी नदी तथा उक्त नदीमा सहायक नदीहरूका किनारको आसपासमा नदीले छोएका सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, सिन्धुली, रामेछाप, दोलखा, ओखलढुंगा, सोलुखुम्बु, खोटाङ, उदयपुर, सप्तरी, भोजपुर, संखुवासभा, धनकुटा, तेह्रथुम, पाँचथर, ताप्लेजुङ, सुनसरी गरी १७ जिल्लामा माछापालन,